राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १०३औं बैठकको निर्णयहरु

स्थान:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यकक्ष, सिंहदरबार ।
मिति:-२०७५।०१।२६
समय:- बिहान ९:०० बजे

<u>निर्णय नं. १</u>

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको हाल भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा तोकिए बमोजिम अनुदान किस्ता सिफारिशको व्यवस्था लामो तथा झन्झटिलो भई लाभग्राहीलाई अनुदान किस्ता प्राप्त गर्न धेरै समय लाग्ने भएकोले पुनर्निर्माणको गतिमा ढिला सुस्ती भएको भन्ने लाभग्राहीहरुको गुनासो रही आएको छ । हाल देश संघीय संरचनामा गएको र निर्वाचित स्थानीय तह स्थापना भई नयाँ संरचनामा कार्य सम्पादन भईरहेको अवस्थालाई मध्यनजर गर्दै, स्थानीय तहलाई निजी आवास पुनर्निर्माणमा पनि जिम्मेवार बनाई यस कार्यलाई थप तीव्रता दिन निजी आवास अनुदान रकम स्थानीय तहमा प्रवाह गरी स्थानीय तहबाट वितरण हुन कार्यविधिमा संशोधन गर्नुपर्ने वाञ्छनीय भएको छ ।

२०७४ साल माघ महिनामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र स्थानीय तहका निर्वाचित जन प्रतिनिधिहरु बिच भएको अन्तरक्रियामा स्थानीय तहले पुनर्निर्माण कार्यमा आफ्नो भूमिका माग गरेका थिए । साथै, राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठकले निजी आवास पुनर्निर्माण अनुदान वितरणको कार्य स्थानीय तहबाट गराउन आवश्यक व्यवस्था मिलाउन भनी निर्देशन दिएको छ । मिति २०७४।१२।२० को राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको बैठकबाट निजी आवास निर्माण सम्बन्धी प्रकृयालाई थप सरलीकरण गर्न मौजुदा कानुन एवं कार्यविधिहरुमा आवश्यक संसोधन गर्ने भनी निर्णय भएको छ ।

निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि संशोधन मन्त्रीपरिषद्बाट गरिनुपर्ने हुन्छ । उक्त कार्यविधिमा अनुदान वितरणको काममा स्थानीय तहलाई जिम्मेवार बनाउन निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (दोस्रो संशोधन), २०७४ को मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृति हुनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गरी पठाउने निर्णय हुन पेश भएको प्रस्ताव उपर छलफल भई देहाय बमोजिम निर्णय गरियो:

सचिव

निर्णयहरु:

१. निजी आवास पुननिर्माण अनुदान वितरण स्थानीय तह मार्फत वितरण गरिने विषयमा सिद्धान्त सहमति रह्यो ।

२. निजी आवास पुनर्निर्माण अनुदान वितरणमा प्रस्ताव गरिएको संशोधनले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अन्य कार्यविधि तथा दस्तावेजहरुमा संशोधन गर्न आवश्यक भए नभएको अध्ययन गरी आवश्यक भएको संशोधनहरु ३ (तीन) दिनभित्र सिफारिश गर्न निम्न अनुसारको एक सिफारिश समिति गठन गर्ने ।

<u>तपसिल</u>

| | |
|---|---|
| डा. चन्द्र बहादुर श्रेष्ठ, कार्यकारी समिति सदस्य | -संयोजक |
| श्री ध्रुव प्रसाद शर्मा, कार्यकारी समिति सदस्य | -सदस्य |
| श्री प्रकाश थापा, सहसचिव | -सदस्य |
| श्री कमान सिंह खत्री, उपसचिव (लेखा) | -सदस्य |
| श्री चन्द्रकान्त पौडेल, उपसचिव (कानून) | -सदस्य सचिव |

<u>निर्णय नं. २</u>

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरूको सम्बन्धमा कार्यकारी समितिको निर्णय अनुसार छुट सर्भेक्षण र पुनःजाँच निरीक्षण गरी ईञ्जिनियरहरूबाट यस प्राधिकरणको (MIS) सूचना प्रणालीमा प्राप्त भएका गुनासाहरूको प्राविधिकबाट छानविन गरी लाभग्राही कायम गर्न सिफारिश भएका विवरणहरूको सम्बन्धमा **पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि**, २०७४ दफा १२ (१) बमोजिम गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिबाट सिफारिश भई आएका व्यक्तिहरूलाई लाभग्राही कायम गर्न आवश्यक भएको र यस भन्दा पहिले नै "प्रवलिकरणको लाभग्राही" भनी निर्णय भएका व्यक्तिहरूको निजी आवास प्रवलीकरणको प्रक्रियाबाट सम्पन्न गर्न नसकिने कारणबाट "पुनर्निर्माण लाभग्राहीमा" परिर्वतन गर्न उपयुक्त भएकोले परिर्वतन गरिदिन भनी विभिन्न स्थानीय तहबाट प्राविधिक प्रतिवेदन सहित सिफारिश भई आएकोले निजहरूलाई प्रवलीकरण लाभग्राहीको सूचीबाट हटाई पुनर्निर्माण लाभग्राहीमा परिर्वतन गर्न आवश्यक देखिएकोले निजी आवास पुनर्निर्माण अनुदान वितरण **(पहिलो संशोधन) कार्यविधि**, २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न केन्द्रीय गुनासो समितिबाट पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ को दपफा १२ (३क) बमोजिम सिफारिश भएको र विभिन्न स्थानीय तहबाट लाभग्राही परिर्वतन गरिदिन सिफारिश भई आएकोले लाभग्राही परिवर्तन गर्नु पर्ने नै देखिन्छ ।

छुट तथा पुनःजाँच सर्भेक्षणबाट प्राप्त गुनासाहरूको छानविनबाट लाभग्राही कायम गर्नु पर्ने देखिएका गुनासो कर्ताहरूलाई लाभग्राही कायम गरी निजहरूसँग निजी आवास पुनर्निर्माणको लागि

सचिव

अनुदान सम्झौता गर्ने स्थानीय तहलाई निर्देशन समेत पठाउनु पर्ने देखिएको तथा प्रवलीकरणको सूचीमा परेका लाभग्राहीहरूको आवास प्रवलीकरण हुन नसकी पुनर्निर्माण गर्नु पर्ने भएकोले लाभग्राही परिर्वतन गर्नु पर्ने देखिएको भनी पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहाय बमोजिम निर्णय गरियो:

निर्णयहरु:

१. छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त तथ्यांकहरूको छानविन गरी प्राप्त विभिन्न जिल्लाका संलग्न तालिका १ मा उल्लेखित ६ वटा गाउँपालिकाका १,१९१ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही, २७६ गुनासोकर्तालाई वहुस्वामित्वको पुनर्निर्माण लाभग्राही र ५९० गुनासोकर्तालाई प्रवलीकरण लाभग्राही कायम गर्ने ।

२. विभिन्न स्थानीय तहबाट प्रवलीकरणमा परेका संलग्न तालिका २ मा उल्लेखित २२ जना लाभग्राहीहरुको घर भत्काई पुनर्निर्माण गर्नु पर्ने भएको भनी सिफारिश भई आएकोले निजहरुलाई प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने ।

३. छुटसर्भेक्षण तथा पुनर्जाँच निरिक्षणबाट प्राप्त विवरणको प्रारम्भिक विश्लेषण गरी प्रवलीकरण लाभग्राही कायम गर्न सिफारिश भएका भूकम्प प्रभावित १४ जिल्लाका ३८९० जना गुनासोकर्तालाई प्रवलीकरण लाभग्राहीका रूपमा सूचिकृत गर्ने ।

४. पहिचान भएका लाभग्राहीहरूसंग निजी आवास पुनर्निर्माण अनुदान सम्झौता गर्दा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संशोधन), २०७३ मा उल्लेखित प्रावधानका साथै देहायमा उल्लेख भए बमोजिम गर्ने ।

(क) छुट सर्भे तथा पुनर्जाँच सर्भेक्षणबाट लाभग्राही (Probable Beneficiary) र वहुस्वामित्व (Potential Beneficiary) भनी निर्णय भएका लाभग्राहीहरूको हकमा सम्झौता गर्दाका बखत निम्न आधारमा यकीन गरेर मात्र सम्झौता गर्ने ।

१. लाभग्राही (Probable beneficiary) बहुस्वामित्व लाभग्राही (Potential Beneficiary) वा निजको एकापरिवारको सदस्यको नागगा सोही स्थान वा नेपाल राज्यभर अर्को बस्न योग्य घर नभएको यकीन गरी घर नभएकोमा मात्र आवश्यक प्रमाण लिई सम्झौता गर्ने ।

२. वहुस्वामित्व (Potential Beneficiary) को सम्झौता गर्दा मिति २०७२ साल वैशाख १२ गते अगावै अंशवण्डा भई छुट्टिभिन्नै बसेको मालपोत कार्यालयमा भएको अंशवण्डाको कागज पेश गरेपछि मात्र सम्झौता गर्ने, तर अंशवण्डा कागज अड्डाबाट पारित नगरेको भएतापनि २०७२ वैशाख १२ गते अगावै मानो छुट्टिई छुट्टै घर बनाई बसेको भनी सम्बन्धित स्थानीइ तहले सिफारिश गरेको रहेछ भने छुट्टिभिन्न भई अलग-अलग घर बनाई बसोबास गरेको सर्जमिन मुचुल्का समेतको आधारमा अनुदान सम्झौता गर्ने ।

सचिव

३. एक भन्दा बढी घर भएका व्यक्ति लाभग्राहीमा परेको भएता पनि निजको अर्को बस्न योग्य घर भएमा सम्झौता नगरी निजको नाम लाभग्राहीबाट हटाउने ।

(ख) सम्बन्धित लाभग्राही विदेशमा रहेको अवस्थामा सम्बन्धित स्थानीय तहले सिफारिश समेत गरेको निजको मन्जुरीनामाका आधारमा हकवाला (श्रीमान वा श्रीमती वा एकाघरको नजिकको हकवाला) व्यक्तिसंग सम्झौता गर्ने र निजले नै रकम निकासा लिन सक्ने गरी सम्बन्धित स्थानीय तहले सिफारिश गरेको आधारमा कारोबार गर्ने सम्बन्धित बैंकले रकम भूक्तानी गरिदिने ।

(ग) अर्को बस्न योग्य घर भएका देखिएका लाभग्राहीसंग यसअघि सम्झौता भई कुनै किस्ता रकम उपलब्ध गराइएको भएतापनि सो सम्झौता रद्द गरी भूक्तानी भएको रकम फिर्ता लिई राजश्व दाखिला गराउने र फिर्ता नगर्नेको हकमा सरकारी बांकी सरह असुल उपर गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालमा समेत लेखी सो व्यहोरा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाउने ।

निर्णय नं. ३

२०७२ सालको भूकम्प पश्चात् निजी आवास पुनर्निर्माण गर्न भूकम्प प्रभावित कतिपय जिल्लाहरुमा निर्माण सामग्रीहरु (ढुङ्गा, बालुवा, इट्टा, सिमेन्ट, छड आदि) को अभाव तथा मूल्य वृद्धि भईरहेका कारण बैकल्पिक प्रविधिको खोजी गर्ने क्रममा ढुङ्गा वा इट्टाको विकल्पमा सजिलै उपलब्ध हुने माटो प्रयोग गरी सैनिक बंकर र बाढी नियन्त्रणमा समेत तुलनात्मक रुपमा सस्तो र सजिलोसँग प्रयोग गर्न सकिने Earthbag Technology सफलता पूर्वक प्रयोग गरिएको छ। Earthbag Technology लाई भूकम्प प्रतिरोधक भवनमा पनि प्रयोग गर्न सकिने प्राविधिक रुपमा पनि पुष्टि भएको छ ।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को दफा ४ को उपदफा ४ बमोजिम भूकम्प प्रतिरोधि निजी आवासहरुको डिजाईन तथा निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गर्नका लागि कार्यकारी समितिको मिति २०७३/११/१५ को ४९औं बैठकको निर्णयानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी समिति सदस्य डा. हरिराम पराजुलीको संयोजकत्वमा भूकम्प प्रतिरोधि निजी आवास मापदण्ड निर्धारण समितिको गठन भएको र उक्त समितिको मिति २०७४/१२/२८ मा बसेको बैठकले Earthbag Technology बाट निर्माण हुने निजी आवासको लागि तयार गरी पेश गरेको Design तथा Drawing मस्यौदा उपर छलफल हुँदा देहायको निर्णय गरियो:

सचिव

निर्णय:

भूकम्प प्रतिरोधि निजी आवास मापदण्ड निर्धारण समितिबाट सिफारिशसाथ पेश भएको Earthbag Technology बाट निर्माण हुने निजी आवासको Design तथा Drawing स्वीकृत गर्ने ।

<u>निर्णय नं. ४</u>

पुनर्निर्माण सम्बन्धी कार्य प्रभावकारी रुपमा संचालन गर्न Chain of Command राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहत राखी सम्पन्न गर्न २०७४/१२/२० को राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको बैठकद्वारा परिमार्जित संरचना अनुरुप सम्पदा पुनर्निर्माण बाहेकका कार्यहरु राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मातहतमा आई संचालन भईरहेकोमा एसियाली बिकास बैंकको सहयोगमा Earthquake Emergency Assistance Project अन्तर्गत सडक विभागद्वारा संचालित तीन सडक आयोजनाहरु मात्र यस पुन संरचना भन्दा बाहिर रहेकोले यसलाई पनि यसै मातहतमा राखी संचालन गरिनु उपयुक्त देखिन्छ ।

आयोजनाको अवस्था चौमासिक रुपमा प्रतिवेदनको रुपमा मात्र प्राप्त हुने गरेको हुँदा आयोजनामा भईरहेको ढिलाई सम्बन्धी समीक्षा गरी नयाँ कार्ययोजना बनाई अघि बढ्नु पर्नेमा सो सम्बन्धी केही पहल नभएको र उक्त आयोजनाहरुको कार्य सुस्त र अप्रभावकारी भएको भन्ने जनगुनासो विभिन्न पत्र पत्रिका तथा जनप्रतिनिधीहरु मार्फत पटक पटक प्रकट भएकोले उक्त आयोजनालाई प्राधिकरणको निगरानीमा राखी चुस्त बनाउन जरुरी रहेको र यस सम्बन्धमा ADB ले पनि पटक पटक चासो व्यक्त गरिरहेको छ ।

निर्माणाधिन सडक आयोजनाहरुको ७५% भन्दा बढी समय व्यतित भईसक्दा पनि भौतिक प्रगती भने २५% मात्र रहेकोले प्राधिकरणको कार्यकाल भित्रै आयोजनाको निर्माण कार्य सम्पन्न गर्न उक्त आयोजना र त्यहाँ कार्यरत जनशक्तिलाई यसै प्राधिकरणको मातहतमा राखी कार्यान्वयन गतिलाई तीव्रता दिन आवश्यक देखिएकोले उक्त आयोजनाहरुलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहतमा ल्याउने निर्णायार्थ नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरी पठाउने स्वीकृति हुन पेश भएको प्रस्ताव उपर छलफल भई देहाय अनुसारको निर्णय गरियो:

निर्णय:

एसियाली बिकास बैंक (ADB) को ऋण सहयोगमा संचालित Earthquake Emergency Assistance Project अन्तर्गतको सडक आयोजनाहरु तथा आयोजनामा कार्यरत जनशक्ति समेत राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहतमा ल्याउने निर्णय हुनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरी पठाउने ।

सचिव

तालिका-१

<u>छुट तथा पुनःजाँच सर्भेक्षणबाट प्राप्त तथ्यांङ्कको छानविन गरी प्राप्त लाभग्राही कायम गर्नु पर्ने विवरण</u>

| क्र.सं. | जिल्ला | गा.पा./न.पा. | लाभग्राही | बहुस्वामित्व लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | जम्मा प्रवलीकरण लाभग्राही |
|---|---|---|---|---|---|---|
| १. | धादिङ्ग | थाक्रे गाउँपालिका | १७८ | १५ | १९३ | १३४ |
| २. | दोलखा | बिगु गाउँपालिका | ५०९ | ८८ | ५९७ | २३ |
| ३. | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका | २५५ | ४९ | ३०४ | ३५० |
| ४. | ओखलढुंगा | चिसङ्खुगढी गाउँपालिका | ३८ | ० | ३८ | ५१ |
| ५. | ओखलढुंगा | खिजिदेम्बा गाउँपालिका | ६१ | ४ | ६५ | २५ |
| ६. | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | १५० | १२० | २७० | ७ |
| | | जम्मा | ११९१ | २७६ | १४६७ | ५९० |

सचिव

तालिका-२

विभिन्न स्थानीय तहबाट प्रवलिकरण लाभग्राहीबाट पुर्ण लाभग्राहीमा कायम गर्न सिफारिश भएका लाभग्राहीहरूको विवरण

| सि.नं. | प्रवलीकरण लाभग्राहीको नामथर | स्थायी ठेगाना | सम्झौता क्रम नं. |
|---|---|---|---|
| १. | लक्ष्मी लामा | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-1-0-012 |
| २. | रामबहादुर तामाङ | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-1-0-011 |
| ३. | सानुकान्छा तामाङ | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-1-0-007 |
| ४. | राधाकृष्ण सापकोटा | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-011 |
| ५. | बुधन तामाङ | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-1-0-008 |
| ६. | दिपक चौलागाईं | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-2-0-001 |
| ७. | केशवप्रसाद ढुंगाना | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-010 |
| ८. | टंकेश्वर श्रेष्ठ | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-014 |
| ९. | रामबहादुर विश्वकर्मा | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-2-0-005 |
| १०. | छत्रबहादुर सुनार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-005 |
| ११. | डम्बरबहादुर अच्छामी | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-002 |
| १२. | राजु सुनार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-007 |
| १३. | कमलबहादुर विक | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-008 |
| १४. | कृष्णबहादुर सुनार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-016 |
| १५. | कान्छो सुनार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-006 |
| १६. | मैया श्रेष्ठ | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-2-0-003 |
| १७. | इन्द्रबहादुर अच्छामी | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-009 |
| १८. | कमल मिजार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-015 |
| १९. | विर बहादुर मिजार | पाँचखाल नगरपालिका-५, काभ्रेपलाञ्चोक | R-24-66-3-0-003 |
| २०. | प्रेमबहादुर सुनुवार | चम्पादेवी गाउँपालिका-९ (साविक विलन्दु गा.वि.स.), ओखलढुंगा | R-12-10-9-0-002 |
| २१. | नरहरि दर्जी | चम्पादेवी गाउँपालिका-९ (साविक विलन्दु गा.वि.स.), ओखलढुंगा | R-12-10-7-0-002 |
| २२. | डोलकुमारी चौरेल | चम्पादेवी गाउँपालिका-९ (साविक विलन्दु गा.वि.स.), ओखलढुंगा | R-12-10-7-0-001 |

सचिव